मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
१ नं. प्रदेश, नेपाल

बैठक संख्या : १८

आज मिति : २०७५ साल बैशाख १० गते बुधबार यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितीमा बसी, तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिती :

अध्यक्ष श्री देवीप्रसाद आचार्य

उपाध्यक्ष श्री सरला राई

वडा अध्यक्ष (वडा नं. १) श्री नरबहादुर राई

वडा अध्यक्ष (वडा नं. २) श्री गौरीप्रसाद राई

वडा अध्यक्ष (वडा नं. ३) श्री खगेन्द्र मादेन लिम्बु

वडा अध्यक्ष (वडा नं. ४) श्री बुद्धिमान लिम्बु

वडा अध्यक्ष (वडा नं. ५) श्री रुद्र लिङ्देन

वडा अध्यक्ष (वडा नं. ६) श्री बुद्धिलाल निरौला

वडा अध्यक्ष (वडा नं. ७) श्री सुशिलराज चौहान

वडा अध्यक्ष (वडा नं. ८) श्री नगिन्द्र कार्की

वडा अध्यक्ष (वडा नं. ९) श्री सोमनाथ अधिकारी

कार्यपालिका सदस्य श्री जुना खड्का

कार्यपालिका सदस्य श्री सारदा मगर

कार्यपालिका सदस्य श्री पवित्रा बराईली

कार्यपालिका सदस्य श्री मीनाकुमारी विश्वकर्मा

कार्यपालिका सदस्य श्री गोपाल विश्वकर्मा

कार्यपालिका सदस्य श्री बालिका विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य

लेखापाल श्री राजेश खतिवडा

इ. अ. अधिकृत चिन्तामणी पोख्रेल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु :

निर्णय नं. १ : हाल यस गाउँपालिका भित्रका विभिन्न खोला खहरेहरुमा ढुङ्गा, गिट्टी लगाएतका प्राकृतिक श्रोत साधनको उत्खनन् तथा संकलन गर्ने सन्दर्भमा केही समस्या उत्पन्न भएकोले सो को निराकरणको लागि सम्बन्धित जनप्रतिनिधिज्यूहरुले स्थानीय स्तरमा भएका संघ संस्थाहरुसंग समन्वय गर्दै र सहयोग लिई उत्खनन् तथा संकलन हुने नाकाहरुमा कडाई गर्ने र उक्त उत्खनन् तथा संकलन कार्यले वातावरणमा प्रतिकुल असर नपर्ने पर्याप्त सावधानि अनाउने निर्णय गरियो ।

निर्णय नं. २ : यस गाउँ कार्यपालिका र विभिन्न विषयगत शाखाको लागि तय गरिएका कार्यक्रम तथा त्यसमा विनियोजन भएको बजेट रकम कुनै खर्च शिर्षकमा बढी भई खर्च हुन नसकेको, कुनै खर्च शिर्षकमा विनियोजित बजेट कार्यक्रम कार्यान्वयन हुन नसकेको साथै खर्च हुन नसकेको हुँदा निम्न खर्च शिर्षक तथा कार्यक्रमबाट निम्न खर्च शिर्षक तथा कार्यक्रममा प्रचलित कानून बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

| विनियोजन भएको (स्वास्थ्य तर्फ) | | | रकमान्तर भएको (स्वास्थ्य तर्फ) | | |
|---|---|---|---|---|---|
| खर्च शिर्षक | कार्यक्रम/योजना | रकम | खर्च शिर्षक | कार्यक्रम/योजना | रकम |
| | गर्भवती महिलालाई पोषणयुक्त खाना वितरण | २,००,०००। | | महिला स्वास्थ्य स्वयंसेविका हरुलाई अवकाश कोष | २,५०,०००। |
| | प्रयोगशाला कर्मचारी नियुक्ती | ७०,०००। | | पूर्णखोप घोषणा मिक्लाजुङ | ६०,०००। |
| | फाराम फर्मेट स्वास्थ्य सम्बन्धी सूचना तथा प्रचार प्रसार | ९०,०००। | | टाँडी ए मा ल्याव रुम निर्माण | ५०,०००। |
| जम्मा | | ३,६०,०००। | जम्मा | | ३,६०,०००। |

| विनियोजन भएको (कार्यपालिका तर्फ) | | | रकमान्तर भएको (कार्यपालिका तर्फ) | | |
|---|---|---|---|---|---|
| खर्च शिर्षक | कार्यक्रम/योजना | रकम | खर्च शिर्षक | कार्यक्रम/योजना | रकम |
| | तलब | ५०,००,०००। | | पूँजिगत परामर्श | ३०,००,०००। |
| | अन्य भत्ता | २०,००,०००। | | परामर्श सेवा चालु | ३०,००,०००। |
| | | | | विविध | ५,००,०००। |
| | | | | | |

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

१ नं. प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अवलोकन कार्यक्रम खर्च | ५,००,०००। |
| जम्मा | | ७०,००,०००। | जम्मा | | ७०,००,०००। |

६० वर्ष उमेर पुगेका र २० वर्ष सेवा अवधि भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अवकाश लिएमा रु. ५०,०००। प्रोत्साहन दिने र उमेर ६० वर्ष नपुगेका साथै सेवा अवधि पनि ६० वर्ष नपुगेको महिला स्वास्थ्य स्वयं सेविकाले अवकाश लिएमा रु. २५,०००। प्रोत्साहन दिने निर्णय समेत गरियो ।

निर्णय नं. ३ : निर्वाचित जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुको क्षमता विकास गर्न साथै अन्य गाउँपालिका तथा नगरपालिकाहरुमा भएको राम्रो अभ्यासहरु समेतको अनुसरण गरी यस गाउँपालिकाको विकास निर्माणको लागि अबलम्बन गर्न कृषि क्षेत्रमा केन्द्रीत गरी तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बाग्लुङ, चितवन लगाएतका जिल्लाहरुमा मिति: २०७५/०१/१७, १८ र १९ गते अवलोकन भ्रमण आयोजना गर्ने र सो भ्रमण कार्यक्रममा गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाअध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु र कर्मचारीहरुको तर्फबाट बढीमा सात जना संलग्न रहने निर्णय गरियो ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत